नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## <u>प्रेसविज्ञप्ति</u>

खाद्य स्वच्छता र गुणस्तर बारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयोजनमा आ. व. २०६५/६६ देखि हरेक वर्ष खाद्य स्वच्छता दिवस मनाउँदै आइएकोमा यस वर्ष हाल कोभिड १९ रोगको महामारीको विषम परिस्थितिमा संक्रमण रोकथामलाई विशेष ध्यानमा राखी बाह्रौ खाद्य स्वच्छता दिवस २०७७ मनाइ रहेको व्यहोरा यहाँहरुलाई जानकारी गराउन चाहन्छौं ।

यसै सिलसिलामा खाद्य स्वच्छता र गुणस्तरको महत्वलाई आम जनमानसमा पुर्याउन विभागले एघार वर्ष अघि देखि शुरु गरेको यो अभियानलाई समर्थन हुने गरी कोडेक्स एलिमेन्टेरियस कमिशन, खाद्य तथा कृषि संगठन (FAO) र विश्व स्वास्थ्य संगठन (WHO) को प्रस्तावमा संयुक्त राष्ट्र संघीय महासभा (UN General Assembly) बाट सन् २०१९ देखि हरेक वर्षको जून महिनाको ७ तारिखलाई विश्व खाद्य स्वच्छता दिवस (World Food Safety Day) को रुपमा मनाउने निर्णय गरिएको छ।यसलाई मध्येनजर गर्दै गत वर्ष देखि नै विभागले विश्व खाद्य स्वच्छता दिवसको अवसर पारेर जून ७ लाई खाद्य स्वच्छता दिवसको रुपमा मनाउँदै आइएको छ । पहिलो वर्षको विश्व खाद्य स्वच्छता दिवस २०१९को नारा “Food Safety, Everyone’s Business” रहेकोमा FAO ले यस वर्षको विश्व खाद्य स्वच्छता दिवस २०२० को नारा पनि गत वर्षको नारालाई नै निरन्तरता दिने गरी तय गरेको छ ।

खाद्य स्वच्छताको महत्वलाई आम उपभोक्तासम्म पुर्याउन “खाद्य पदार्थमा स्वच्छता, हामी सबैको प्रतिवद्धता” भन्ने नाराका साथ खाद्य श्रृंखलाका विभिन्न चरणमा खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम राख्न विभिन्न क्षेत्रको भूमिकालाई महत्व दिई आ -आफ्नो क्षेत्रबाट उपयुक्त रुपमा सम्बोधन गर्न विभिन्न उपभोक्ता हकहितसँग सम्वन्धित संघसस्थाहरु, खाद्य उद्योगहरु, खाद्य प्रविधि विषय अध्ययन अध्यापन हुने कलेजहरु , खाद्य तथा पोषणसंग सम्वन्धित संघसस्थाहरुका साथै जनचेतनाका संवाहक पत्रकारहरु समेतको सहकार्यमाविगतमा विविध कार्यक्रम सहित खाद्य स्वच्छता दिवस मनाउँदै आइएकोमा हाल कोभिड १९ रोगको महामारी रोकथामको लागि नेपाल सरकारले जारी गरेको बन्दाबन्दी (Lockdown) को यस विषम परिस्थितिमा नेपाल सरकार तथा विश्व स्वास्थ्य संगठनले जारी गरेका सावधानीलाई ध्यानमा राखी विभिन्न कार्यक्रमहरु संचालनमा असहज अवस्था रहेको छ । संक्रामक रोग कोभिड -१९ खाद्य पदार्थको माध्यमबाट संक्रमण भएको वैज्ञानिक तथ्य अहिले सम्म फेला नपरेको हुँदा शारिरीक तथा मानसिक स्वास्थ्य कायम राखी **<u>निरोगी नेपाल निर्माण</u>** तथा **<u>कोभिड १९ जस्ता रोगसंग लड्न नियमीत स्वच्छ र संतुलित आहार</u>**को भूमिका महत्वपूर्ण हुने कुरालाई नेपाल सरकारले समेत जोड दिएको अवस्थामा खाद्य पदार्थमा स्वच्छता र गुणस्तर कायम गर्ने विषय अझ बढि महत्वपूर्ण भएको छ। विगतका वर्षमा झै खाद्य स्वच्छताको महत्वलाई प्राथमिकतामा राखी नेपाल सरकारलेयस आ . व. को नीति कार्यक्रम तथा बजेट वक्तव्यमा खाद्य स्वच्छता प्रवर्द्धन तथा नियमन गर्न विद्यमान कानूनी व्यवस्थालाई परिमार्जन तथा

समयानुकूल गराउने र हाल निरीक्षण अनुगमन कार्यालय मात्र रहेका कर्णाली र गण्डकी प्रदेशमा प्रयोगशाला सहितको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय स्थापना तथा सन्चालन गरी स्वच्छ र गुणस्तर खाद्य पदार्थको उपलब्धतामा जोड दिएको छ ।

कोभिड-१९ रोगको महामारीको यस विषम परिस्थितिमा पनि विभागले खाद्य स्वच्छता र गुणस्तर नियमन अनुगमनकालागि विभाग तथा मातहतका कार्यालयहरुमा आकस्मिक निरीक्षण टोली मार्फत बन्दाबन्दीका समयमा वितरीत राहत खाद्य पदार्थ तथा बजारमा बिक्रीवितरणमा रहेका खाद्य पदार्थहरु स्वच्छता र गुणस्तर सम्वन्धमा प्राप्त गुनासाहरुको तत्काल सम्बोधन तथा यथाशिघ्र कारवाही गर्ने कार्य , खाद्य पदार्थ आयात पूर्व अनुमति पत्र प्रदान गर्न सूचना प्रविधि मार्फत सेवा दिई सेवाग्राहीलाई बन्दाबन्दीमा कार्यालयसम्म धाउन नपर्ने व्यवस्था, खाद्य पदार्थको नमूना विश्लेषण परीक्षणका लागि प्रयोगशाला सेवा दिने कार्यहरु भएको छ। यससंगैकोभिड–१९ रोगको महामारीको अवस्थामा खाद्य उत्पादन तथा बिक्रीवितरणमा सहभागी हुने खाद्य व्यवसायी तथा कामदारहरुले अपनाउनु पर्ने सावधानी जारी गरी खाद्य व्यवसायीहरुलाई जानकारी र सुसूचित गर्ने र सोही बमोजिम उद्योग सन्चालनमा सहजीकरण तथा अनुगमनगर्ने कार्य भएको छ । हालैकोभिड-१९ जस्तो संक्रामक रोगको विषम परिस्थितिमा मानव स्वास्थ्यको रक्षार्थस्वच्छ र गुणस्तरीय खाद्य पदार्थकोउपभोगको महत्वपूर्ण भूमिका रहेकोले स्वच्छ, गुणस्तरीय एवं सन्तुलित र पोषिला खाद्य पदार्थहरुको उपभोग का लागि नै "खाद्यपदार्थमा स्वच्छता, हामी सबैको प्रतिबद्धता " भन्ने नारालाई सम्बन्धित सरोकारवालाहरुले व्यवहारमा ल्याएमा मात्र सार्थकहुन्छ। त्यसैले यस विश्व खाद्य स्वच्छता दिवसको अवसरमा खाद्य शृंखलाका सबै सरोकारवालाहरुमा स्वच्छ र गुणस्तरीय खाद्य पदार्थ उत्पादनमा जोड दिई उपभोक्ताको स्वास्थ्य तथा सुविधा कोरक्षा गर्न खाद्य स्वच्छता र गुणस्तरका लागि सबैको प्रतिवद्धता तथा एक्यबद्धताको आवश्यकता हुन्छ। यसर्थ खाद्य पदार्थमा स्वच्छताका लागि सम्पूर्ण सरोकारवालाहरुको सहकार्यका लागी आह्वानका साथ "खाद्य पदार्थमा स्वच्छता , हामी सबैको प्रतिवद्धता " भन्ने नारा सहित खाद्य स्वच्छता दिवस मनाइएको छ ।

विश्व खाद्य स्वच्छता दिवस २०२० तथा बाह्रौ राष्ट्रिय खाद्य स्वच्छता दिवस २०७७ मनाउने सिलसिलामा खाद्य स्वच्छता सम्वन्धी जानकारी तथा यसको महत्व आम उपभोक्ताहरुमा पुर्याउन साथै कोभिड –१९ रोगको महामारीको अवस्थामा खाद्य पदार्थ उत्पादन तथा बिक्रीवितरणमा सहभागी हुने खाद्य व्यवसायी तथा कामदारहरुले अपनाउनु पर्ने सावधानी बारेमा सम्बन्धित सरोकारवालाहरुमा पुर्याउन पत्रकार भित्रहरुको महत्वपूर्ण भूमिका रहने भएकोले यहाँहरु सबैको सकृय सहयोग र सहभागीताको अपेक्षा गर्दै सम्पूर्ण पत्रकार मित्रहरु प्रति धन्यवाद ज्ञापन गर्दछु ।

**मोहन कृष्ण महर्जन**
प्रवक्ता
२०७७/०२/२५